मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्याः

चलानी नं. :

मिति : २०८३।०५।१०

## प्रेस विज्ञप्ति

मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्)को आज मिति २०८३।५।१० गते बसेको बैठकले रसुवा जिल्लाको सीमावर्ती क्षेत्रबाट आज भोटेकोशी नदीमा अप्रत्याशित रूपमा आएको बाढी र यसले पुऱ्याएको जनधनको क्षतिप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ र नदीको तल्लो तटीय क्षेत्रमा बाढी क्रमशः अगाडि बढिरहेकोले उक्त क्षेत्रका बासिन्दाहरूलाई पूर्ण सावधानी अपनाउन र सुरक्षित रहन समेत मधेश प्रदेश सरकारले आह्वान गरेको छ ।

मन्त्रिपरिषद्को सोही बैठकले वर्तमान पुस्ताले नदेखेको तथा नभोगेको स्तरमा बाढी तथा डुबानका घटनाहरूबाट मधेश प्रदेश सरकार स्तब्ध भएको र यस घडीमा सम्पूर्ण नेपाली नागरिक तथा राज्यका संयन्त्रहरूलाई घाइते तथा प्रभावितहरूको शीघ्र उद्धार, राहत र पुनःस्थापनामा आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गर्न आह्वान समेत गरेको छ।

घटनाको विस्तृत विवरण आउने क्रममा रहेको भए तापनि मधेश प्रदेश सरकारले यस विपद्मा परी मृत्युवरण गर्ने राष्ट्रसेवकहरू तथा सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै सबै मृतकका परिवारजनप्रति समवेदना समेत व्यक्त गरेको छ । साथै, सबै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत उक्त बैठकले गरेको छ ।

प्रदेश सरकार यस विपद्को उद्धार, राहत र पुनर्स्थापनाको कार्यमा नेपाल सरकारले लिने नीतिहरूमा मधेश प्रदेश सरकारको पूर्ण साथ र सहयोग रहने कुरा समेत यसै विज्ञप्तिमार्फत जानकारी गराउन चाहन्छ ।

पछिल्लो समयमा जलवायु परिवर्तनको कारणले नदी प्रणालीहरूमा पटकपटक आकस्मिक बाढीका घटनाहरू बढेको देखिँदा नदी किनारका वस्ती, राजमार्गहरू तथा नदीमा बन्ने पुल तथा पूर्वाधारका संरचनाहरूको संरक्षणका साथै आकस्मिक रूपमा आउने बाढीले तल्लो तटीय क्षेत्रमा पार्ने डुबानजन्य समस्याहरूप्रति केन्द्रित रही विशेष नीति निर्धारण गर्नुपर्ने महसुस समेत मधेश प्रदेश सरकारले गरेको छ ।

महेश बराल

(प्रदेश सचिव)